# ताराखोला गाउँपालिका

# लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७९

ताराखोला गाउँपालिका, बागलुङ

ताराखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अर्गल, बागलुङ
ईमेलः ito.tarakholamun@gmail.com
वेबसाईटः https://tarakholamun.gov.np/

# बिषयसूची


बिषयसूची ........ I

लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७९ ........ १

१. पृष्ठभूमि ........ १

२. लैससास आवधारण कार्यान्वयनको लागि विद्यमान कानुनी व्यवस्थाहरु ........ २

३. लैससास क्षेत्रका बिद्यमान समस्या र चुनौतिहरु ........ ५

३.१ सबल पक्षहरु ........ ५

३.२ कमजोर पक्षहरु ........ ६

३.३ अवसरहरु ........ ७

३.४ चुनौतिहरु ........ ८

४. लैससास रणनीतिको औचित्य ........ ८

५. दिर्घकालिन सोच ........ १०

६. लक्ष्य ........ १०

७. उद्देश्यहरु ........ १०

८. लैससासका मूख्य रणनीतिहरु ........ ११

९. रणनीति तथा कार्यनीतिहरु ........ १२

१०. रणनीति तथा कार्यनीतिहरु ........ १३

११. लैससास कार्यान्वयनको लागि समितिहरु गठन, परिचालन र जिम्मेवारी ........ २०

१२. अनुगमन तथा मूल्यांकन ........ २१

१३. रणनीतिको पूनरावलोकन र संशोधन ........ २२

# लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७९

## १. पृष्ठभूमि

लैंगिक समानता तथा सामाजिक समावेशीकरणको सवाल नेपालमा ऐतिहासिक समय देखि नै रहिआएको छ। महिला, पुरुष र अन्य लिंगको विचमा रहेको संरचनागत र ब्यहारिक विभेदको अवस्था आज पनि समाधन हुन सकेको छैन। साथै सामाजिक तथा आर्थिक रुपमा दलित, आदिबासी जनजाति, मधेशी, बालबालिका, जेष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका ब्यक्ति, गर्भ अवस्थाका ब्यक्ति, अशक्त वा असहाय, पिछाडिएको क्षेत्र वा आर्थिक रुपमा बिपन्न खस आर्य सहितका समुदायहरु पछाडि परेका छन्। यी वर्गहरुलाई नेपालको संविधान र प्रचलित कानुनहरुले लक्षित वर्गको रुपमा परिभाषित गरेका छन्। यी लक्षित वर्गहरुलाई विकासको मूलप्रवाहमा समान रुपमा ल्याउन चुनौतिको रुपमा रहेको छ।

महिला तथा सामाजिक आर्थिक रुपमा पछि परेका यी लक्षित वर्गहरुलाई सशक्तिकरण गर्दै विकासको मूल प्रवाहमा ल्याउन विगतबाटै नीतिगत तथा कार्यक्रमगत रुपमा प्रयास गरिँदै आएको छ। तै पनि उनीहरुलाई समानुपातिक रुपमा समावेश गर्ने र उनीहरुको सक्षमता विकास गर्ने पाटोमा अपेक्षाकृत नतिजा प्राप्त गर्न नसकिएको अवस्था छ। यही तथ्यलाई मध्यनजर गरी नेपालको संबिधान २०७२ को प्रस्तावनामै समाजमा रहेका सबै प्रकारका बिभेद र उत्पीडनको अन्त्य गर्दै बहुजातीय, बहुभाषिक, बहुआयमिक, बहुसांस्कृतिक तथा भौगोलिक बिबिधतायूक्त बिशेषतालाई आत्मसात् गरी बिबिधताको बिच एकता, सामाजिक सांस्कृतिक ऐक्यवद्धता, सहिष्णुता तथा सदभावलाई संरक्षण एवम् सम्बर्द्धन गर्दै लैंगिक, वर्गीय, जातीय, क्षेत्रीय, भाषिक तथा धार्मिक बिभेद र सबै प्रकारका जातीय छुवाछुतहरुको अन्त्य गरी आर्थिक रुपमा समान समृद्धि र सामाजिक न्याय सूनिस्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने लक्ष्य लिईएको छ।

नेपालको संविधानको मर्म बमोजिम बनेका राष्ट्रिय नीति, रणनीति र कानुनहरु तर्जुमा भई कार्यान्वयनमा आएका छन्। यसको साथै यी सवालहरुलाई संबोधन गर्नको लागि अन्तर्राष्ट्रिय स्तरमा जारी भएका विभिन्न घोषणापत्रहरु, सन्धी, महासन्धीहरु जस्तै मानव अधिकार सम्बन्धि घोषणापत्र, बेईजिङ घोषणापत्र १९९६, बाल अधिकार सम्बन्धि महासन्धि १९८९, महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि मा नेपालले एक्यवद्धता जाहेर गरी आन्तरिक रुपमा कार्यान्वयनको पहलहरु भैरहेका छन्। यी पहलहरुको सफल कार्यान्वयनको लागि नेपाल सरकारले संघ, प्रदेश र स्थानीय तहहरुमा नीतिगत अभ्यासहरुमा निरन्तरता दिनु पर्ने अपरिहार्यता रहेको छ। यसै क्रममा स्थानीय सरकारहरुले पनि लैंगिक समानता तथा सामाजिक समावेशीकरणको पहलहरुलाई सफल

तुल्याउदै स्थानीय तहवाटै समानुपातिक समावेशिता, विकासमा समान पहुँच र सबै लिङ्ग, जाति, समुदाय र लक्षित वर्ग भनी तोकिएका समुदायहरुको समान विकासको लागि लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धमा स्थानीय नीति, रणनीति, कानुन, कार्यविधि तथा कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयनको लहर बढ्दो रहेको छ। यस कारण ताराखोला गाउँपालिकाले पनि यस क्षेत्रमा दिगो परिवर्तन ल्याउने अभिप्रायले **लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७९** तर्जुमा गरेको छ।

## २. लैससास आवधारण कार्यान्वयनको लागि विद्यमान कानुनी व्यवस्थाहरु

नेपालमा विगतको समयमा जारी भएका संविधानहरुमा समानता तथा मानव अधिकार संरक्षण सम्बन्धी हकहरुको व्यवस्था हुँदै आएको विधितै छ। नेपालको पछिल्लो तथा संघीय व्यवस्था सहितको संविधान २०७२ ले मानव भएको नाताले प्राप्त गर्नु पर्ने मौलिक मानव अधिकारका क्षेत्रभित्रका सबै हकहरुलाई संरक्षण तथा सम्बर्द्धन गर्दै लैजाने मूल लक्ष्य लिएको छ। यस संविधानको भाग ३ मा मौलिक हक र कर्तब्य सम्बन्धमा व्यवस्था गरेको छ। यस भाग अन्तरगत धारा १६ मा प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हकको व्यवस्था गरिएको छ। यस धाराले कसैले कुनै नाजायज उद्देश्यले उनीहरुको अमनचैनमा खलबल गर्न, बहिष्करण गर्न, हेप्न र पक्षपात गर्न नपाउने व्यवस्था गरिएको छ।

यसै भाग अन्तरगत धारा १८ मा समानतको हकको व्यवस्था गरिएको छ। नेपालमा बसोबास गर्ने हरेक नागरिकहरु कानुनी रुपमा समान हुन र समान कानुनी हैसियत र समान संरक्षणको अधिकारको सूनिस्चितता यस धारामा भएको छ। देशका कुनै पनि नागरिकहरुलाई उत्पत्ति, धर्म, बर्ण, जात, जाति, लिंग, शारीरिक अवस्था, अपांगता, स्वास्थ्य स्थिति, बैबाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, बैचारिक आस्था वा अन्य कुनै आधारमा कानुनतः भेदभाव गर्न वर्जित गरिएको छ। संविधान र कानुनमा समान हक र अधिकारको व्यवस्था हुँदा हुँदै पनि सामाजिक वा सांस्कृतिक दृष्टिले पिछाडएका महिला, दलित, आदिबासी जनजाति, मधेशी, थारु, बालबालिका, जेष्ठ नागरिक, लैंगिक तथा यौंनिक अल्पसंख्यक, अपांगता भएका ब्यक्ति, गर्भ अवस्थाका ब्यक्ति, अशक्त वा असहाय, पिछाडिएको क्षेत्र वा आर्थिक रुपमा बिपन्न खस आर्य लगायतका नागरिकहरुको संरक्षण, सशक्तिकरण वा विकासको निम्ति बिशेष व्यवस्था गर्नु पर्ने व्यवस्था गरिएको छ। यस्तै धारा १७ मा स्वतन्त्रताको हकको व्यवस्था गरिएको छ। यस धाराले संविधानमा तोकिएको हदसम्म हरेक व्यक्तिको वैयक्तिक स्वतन्त्रताको अधिकार सूनिस्चित गरिएको छ र कसैलाई वैयक्तिक स्वतन्त्रतावाट बञ्चित गर्न नपाईने व्यवस्था छ।

संविधानको धारा २४ मा छुवाछुत तथा भेदभाव विरुद्धको हकको व्यवस्था गरिएको छ। जसमा विगतवाट नेपाली समाजमा रही आएको पानी चल्ने र नचल्ने जातीय प्रथाको कानुनतः अन्त्य गरिएको छ। साथै कसैलाई उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय र शारिरीक अवस्था वा अन्य कुनै आधारमा निजी वा सार्वजनिक स्थलमा भेदभाव तथा बहिष्करण गर्न पाईने छैन। उत्पत्ति, जात, जाति वा शारिरीक अवस्थाको आधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा नीच दर्शाउने, जात जाति र छुवाछुतको आधारमा सामाजिक भेदभावलाई न्योचित ठान्ने र छुवाछुत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्न वा जातीय विभेदलाई प्रोत्साहन गर्न वर्जित गरिएको छ। त्यस्तै धारा २६ मा धार्मिक स्वतन्त्रताको हकको व्यवस्था गरिएको छ। हरेक व्यक्तिलाई आफुले ईच्छाएको धर्ममा आस्था राख्न, अभ्यास र संरक्षण गर्ने स्वतन्त्रता प्रदान गरिएको छ। संविधानको धारा २९ मा शोषण विरुद्धको हकको व्यवस्था गरिएको छ जसमा धर्म, प्रथा, परम्परा, संस्कार वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमको शोषण गर्न पाईने छैन। कसैलाई पनि बेच बिखन गर्न, दास वा बाँधा बनाउन नपाईने व्यवस्था गरिएको छ।

साथै संबिधानको धारा ३१ मा शिक्षा सम्बन्धी हकको व्यवस्था भएको छ जसमा प्रत्येक नागरिक (अपांगता भएका र आर्थिक रुपमा बिपन्न सहित) लाई शिक्षाको पहुँचमा समान हकको सूनिस्चित गरिएको छ। सम्बिधानको धारा ३२ मा भाषा र संस्कृतिको हकको व्यवस्था गरिएको छ जसमा प्रत्येक ब्यक्ति र समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र सम्बर्द्धन गर्ने अधिकारको सूनिस्चित गरिएको छ। साथै धारा ३३ मा समान रोजगारीको हक, धारा ३४ मा उचित श्रम अभ्यासको हक जसमा उचित पारिश्रमिक सुविधा र योगदानको सूनिस्चितता, धारा ३५ मा स्वास्थ्य सम्बन्धि समान हकको व्यवस्था गरिएको छ।

संबिधानको धारा ३८ मा महिलाको हकको व्यवस्था गरेको छ जसले प्रत्येक महिलालाई लैंगिक भेदभाव बिना समान बंशीय हकको सूनिस्चित गरेको छ। हरेक महिला सूरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य सम्बन्धमा हकदार छन्। संबिधानतः महिलालाई धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोबैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गर्न बर्जित गरिएको छ। यी हिंसाजन्य कार्यहरु दण्डनीय हुने र पीडितलाई कानुन बमोजिम क्षतिपूर्ति पाउँने अधिकारको व्यवस्था छ। राज्यको सबै निकायमा महिलालाई समानुपातिक समावेशीताको सिद्धान्तको आधारमा सहभागि हुने अधिकारको सुनिस्चित गरिएको छ। महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सूरक्षामा सकारात्मक बिभेदका आधारमा बिशेष अवसर प्राप्त गर्ने हकको व्यवस्था भएको छ। साथै सम्पत्ति र पारिवारिक मामिलामा दम्पतिको समान हकको व्यवस्था

गरिएको छ। त्यस्तै धारा ३९ मा बालबालिकाको हक, धारा ४० मा दलितको हक, धारा ४१ मा जेष्ठ नागरिकको हक, धारा ४२ मा सामाजिक न्यायको हक र धारा ४३ मा सामाजिक सूरक्षाको हकको व्यवस्था गरिएको छ। यी धाराहरु बिशेष गरी लैंगिक समानता र सामाजिक समावेशीकरण सम्वेदनशिल रहेका छन्।

नेपाल सरकारले संविधानमा भएका व्यवस्थाहरुको कार्यान्वयन गर्नको लागि विषयगत नीति र कानुनहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। लैंगिक समानताको क्षेत्रमा रहेका सवालहरुको संबोधन गर्नको लागि राष्ट्रिय लैंगिक समानता नीति २०७७ कार्यान्वयनमा रहेको छ। यस नीतिले देशभरका महिला, किसोरी र बालिकाहरुको सामाजिक तथा आर्थिक विकासको लागि नीतिगत र संरचनागत व्यवस्था, समाजमा रहेका लैंगिक हिंसा र शोषणको अन्त्य गर्दै समतामूलक समाज, लैंगिक उत्तरदायी शासन पद्दति, महिलाहरुको सामाजिक तथा आर्थिक समृद्धि र सशक्तीकरण प्रवर्द्धन गर्ने रणनीतिक पहलको लागि मार्ग निर्देश गरेको छ। नेपाल सरकारले प्रदेश तथा स्थानीय तहहरुलाई लैंगिक उत्तरदायी तुल्याउने अभिप्रायले **प्रदेश तथा स्थानीय तहका लागि लैंगिक उत्तरदायी बजेट नमूना निर्देशिका २०७७** तयार गरी उपलब्ध गराएको छ जुन प्रदेश तथा स्थानीय तहहरुले स्थानीयकरण गरी लागू गर्न सक्नेछन्।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले पनि लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई कार्यान्वयन गर्ने सम्बन्धमा व्यवस्था गरेको छ। यस ऐन अन्तरगत गठन हुने विभिन्न समिति उपसमितिहरुमा लैंगिक तथा सामाजिक समावेशिता तथा समानता, विधि र प्रक्रियामा समता तथा समावेशीता आदिको व्यवस्था गरेको छ। ऐनको दफा ११ र १२ मा गाउँपालिका/नगरपालिकाको काम, कर्तब्य र अधिकारमा लैससास सम्बन्धी व्यवस्था रहेको छ। त्यस्तै वडा समितिको काम, कर्तब्य र अधिकार अन्तरगत वडामा आर्थिक तथा समाजिक रुपमा अल्पसंख्यक र सिमान्तकृत समुदायको अभिलेख राखी सामाजिक तथा आर्थिक उत्थान सम्बन्धी काम गर्ने, बिभिन्न समुदाय बिचमा सामाजिक सद्भाव र सौहार्दता कायम गर्ने, बाल बिवाह, बहुबिवाह, लैंगिक हिंसा, छुवाछुत, दहेज तथा दाईजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचबिखन जस्ता समाजिक कुरीति र अन्धबिश्वासको अन्त्य गर्ने गराउने व्यवस्था गरेको छ। साथै स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन गर्दा महिला तथा पिछाडिएको वर्गको सहभागिता गराउने र योजना छनौटमा महिला, बालबालिका, जेष्ठ नागरिक, पिछाडिएको वर्ग, क्षेत्र र समुदायलाई प्रत्येक्ष लाभ पुग्ने कार्यक्रमलाई छनौट, बजेट बिनियोजन र कार्यान्वयनमा जोड दिएको छ।

नेपालको आवधिक योजनाहरुले पनि लैंगिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरुको संवोधन गर्ने रणनीति तथा कार्यनीतिहरु समावेश र कार्यान्वयन गर्दै आएका छन्। पछिल्लो तथा हाल कार्यान्वयनमा रहेको पन्ध्रौ आवधिक योजना (२०७६/७७ – २०८०/८१) राष्ट्रिय उद्देश्यहरु मध्ये एक उद्देश्य दिगो र समावेशी आर्थिक बृद्धि र गरिबी निवारण गर्ने रहेको छ। यस योजनाले शिक्षा, स्वास्थ्य, रोजगारी, उत्पादन तथा गरिबी निवारण लगायतका सबै क्षेत्रहरुमा सबै किसिमका नागरिकहरुको समतामूलक विकास गर्ने र समान समृद्धि हाँसिल गर्ने रणनीतिहरु लिएको छ। यस योजनाको परिच्छेद ७ मा लैंगिक समानता तथा महिला सशक्तीकरण, बालबालिका, किसोरकिसोरी, जेष्ठ नागरिक, अपांगता भएको नागरिकहरुको विकासमा सहज पहुँचको लागि आवश्यक राष्ट्रिय रणनीति तथा कार्यनीतिहरु समावेश गरेको छ।

यसकारण संघ र प्रदेश स्तरमा जारी भएका नीति, कानुन र कार्यक्रमहरुलाई स्थानीय तहमा प्रभावकारी कार्यान्वयन गर्नको लागि गाउँपालिका तथा नगरपालिकाहरुले स्थानीय आवधिक रणनीति तथा कार्यनीतिहरु पहिचान गरी कार्यान्वयनमा ल्याउन आजको आवश्यकता भएको छ।

## ३. लैससास क्षेत्रका बिद्यमान समस्या र चुनौतिहरु

नेपालमा लैंगिक र सामाजिक समुदायको आधारमा बहिष्करण र विभेदको अभ्यास ऐतिहासिक कालवाट रहिआएको थियो। आजको समयमा देशको संविधान, प्रचलित ऐन तथा नियमहरु, आवधिक योजना र कार्यक्रमहरुमा लैंगिक समानता र सामाजिक सुमदायहरुको समान समावेशिताको सवालहरुलाई संवोधन गर्ने व्यवस्थाहरु गरिँदै आएको छ। यसै सन्दर्भमा ताराखोला गाउँपालिकामा लैंगिक समानता तथा सामाजिक समावेशीकरणका क्षेत्रमा केही कार्यहरु भएका छन् तर यस कार्यलाई महत्वपूर्ण अभियानको रुपमा कार्यान्वयन गरिएको छैन। यस गाउँपालिकाको लैससास परीक्षण २०७९ को प्रतिवेदनवाट प्राप्त भएको सूचना अनुसार केही मूख्य सबल र कमजोर पक्षहरु तथा अवसर र चुनौतिहरु देहाय अनुसार प्रस्तुत गरिएको छः

### ३.१ सबल पक्षहरु

क) स्थानीय नीति र कानुनहरुमा लैससास संवेदनशील व्यवस्थाहरु भएको र आवधिक तथा वार्षिक योजनाहरुमा लैससासका सवालहरु संबोधन गर्ने कार्यक्रमहरु समावेश भएको।

ख) गाउँपालिकामा न्यायिक समिति तथा मेलमिलापकर्ताको ब्यवस्था भएको र महिला तथा बञ्चितिमा परेका समुदाय माथि हुने हिंसा र बिभेद उपर सुनुवाई हुने ब्यवस्था गरिएको।

ग) आवधिक र वार्षिक योजनाहरुमा महिला, बालबालिका तथा बञ्चितिकरणमा परेका समुहको लागि कार्यक्रमहरु राखिएको र बजेट बिनियोजन गरिएको ।

घ) उपभोक्ता समितिहरुमा महिला तथा लक्षित समुदायको प्रतिनिधित्व रहेको र मुख्य कार्यकारी पदमा उनीहरुलाई जिम्मेवारी दिएको ।

ङ) बस्तीस्तरीय योजना तर्जुमाको क्रममा लक्षित वर्गको सहभागितामा बस्ती/टोल भेला गरी छलफल हुने गरेको ।

च) गाउँपालिकाका समिति उपसमिति र कार्यदलहरुमा महिला र बञ्चितिकरणमा परेका समुदायवाट प्रतिनिधित्व गराईएको ।

छ) गाउँपालिकाले डिजिटल प्रोफाईल तयार गरी अनलाईनमा राखेको ।

ज) सामाजिक सूरक्षा सेवाग्राहीहरुको तथ्यांक तथा सेवा व्यवस्था सन्तोषजनक रहेको ।

झ) स्वास्थ्य शाखावाट प्रजनन स्वास्थ्य, गर्भवती आमा सूरक्षा, परिवार नियोजन, मातृ शिशु कल्याण, बिस्तारित खोप, पोषण, जनसंख्या शिक्षा र जनस्वास्थ्य सम्बन्धी कार्यक्रम सञ्चालन सन्तोषजनक रुपमा भएको ।

**३.२ कमजोर पक्षहरु**

क) लैससास कार्यान्वयनको लागि अलग्गै रणनीतिक दस्तावेजहरु र लैंससास परीक्षण कार्यविधि तर्जुमा तथा लागू नभएको ।

ख) लैससास कार्यान्वयन समिति गठन नभएको ।

ग) लैंगिक समानताको हकमा महिला र पुरुषमा श्रमको ज्यालामा बिभेद रोक्ने स्थानीय कानुन नभएको ।

घ) आवधिक र वार्षिक योजनाहरुमा महिला, बालबालिका तथा बञ्चितिकरणमा परेका समुहको लागि कार्यक्रमहरु र बजेट बिनियोजन गरिएता पनि लक्षित वर्गको लागि निस्चित प्रतिशत बजेट अनिवार्य विनियोजन गर्ने नीतिगत व्यवस्था नभएको ।

ङ) योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समुहहरुको तथ्याङ्कीय बिश्लेषणको चलन नभएको र सोको प्रतिवेदन नपाईएको ।

च) दिगो विकास लक्ष्यहरु र लक्ष्य ५ को स्थानीयकरण नभएको ।

छ) गाउँपालिकाको लैससास परीक्षण नियमित रुपमा नभएको ।

ताराखोला गाउँपालिका, बागलुङ

ज) गाउँपालिकाको क्षमता विकास योजना तयारी नभएको ।

झ) स्थानीय सरकारको निर्णायक तह (कर्मचारी/पदाधिकारी) मा महिलाहरुको समानरुपमा (५०/५० प्रतिशत) प्रतिनिधित्व नरहेको ।

ञ) गाउँपालिकामा महिला हिंसा नियन्त्रणको लागि आचार संहिता लागू नगरिएको ।

ट) गाउँपालिका डिजिटल प्रोफाईलले लैससास सम्बन्धमा खण्डीकृत तथ्यांक पूर्ण रुपमा उपलब्ध गराउन नसकेको र यस प्रोफाईको सञ्चालन वडास्तरमा नगरिएको ।

ठ) लक्षित वर्गहरुको संरक्षण संवर्द्धन र विकासको लागि आवश्यकतानुसार अलग्लै कोषको स्थापना र परिचालन नभएको ।

ड) महिला तथा लक्षित समुहको पदाधिकारीहरुको क्षमता अभिबृद्धिका लागि निर्दिष्ट कार्यक्रमहरु (प्राविधिक तालिम, क्षमता विकास, नेतृत्व विकासको तालिम, भ्रमण) अति न्यून भएको हुँदा निजहरुले स्थानीय शासन पद्दतिमा अपेक्षाकृत भूमिका निर्वाह गर्न नसकेको ।

ढ) गाउँपालिकामा हालसम्म मानव संसाधन विकास केन्द्र स्थापना र सञ्चालन नभएको ।

ण) स्थानीय पदाधिकारी तथा कर्मचारीलाई वेईजिङ घोषणापत्र सम्बन्धमा जानकारी नभएको ।

त) महिला हिंसा बिरुद्ध सुन्य सहनशिलता सम्बन्धमा स्थानीय नीति लागू नभएको ।

थ) निजी तथा सार्वजनिक भवन संरचनाहरु लैंगिक, अपाङ्गता र बालमैत्री बनाउन नीतिगत व्यवस्था नभएको ।

द) महिला सशक्तिकरणको लागि कार्यक्रमहरु जस्तै व्यवसायिक सिप, ग्रामिण महिला प्राविधिकहरु (पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धि प्राविधिकहरु) उत्पादन र उपयोग, स्वरोजगारका कार्यक्रमहरु न्यून रुपमा मात्र गरेको ।

ध) लैससास कार्यान्वियन सञ्जाल गठन र सञ्चालन नभएको ।

**३.३ अवसरहरु**

क) संघ र प्रदेशवाट जारी भएका नीति, कानुन तथा आवधिक योजनाहरुले स्थानीय तहलाई लैससासको क्षेत्रमा कार्य गर्न मार्ग प्रसस्त गरेको ।

ख) नव निर्वाचित पदाधिकारीहरु लैससास क्षेत्रमा सचेत र समावेशी उपस्थिति रहेको हुँदा लैससासको कार्यक्रमहरु कार्यान्वयन गर्न सहज भएको ।

ग) स्थानीय सरकारलाई लैससास कार्यान्वयन सम्बन्धमा कानुन निर्माण र लागू गर्न संविधानद्वारा अधिकार प्राप्त भएको हुँदा कानुन तथा योजना तयार गरी लागू गर्न सहजता रहेको ।

घ) गाउँपालिकाको आवधिक योजनामा लैससासका सवालहरुलाई संबोधन गर्न अधिकतम् रणनीति तथा कार्यक्रमहरु समावेश भएको हुँदा वार्षिक योजना तथा बजेटमा उक्त कार्यक्रमहरु समावेश गर्न सहज भएको ।

**३.४ चुनौतिहरु**

क) स्थानीय तहका जनप्रतिनिधिहरु लैससास कार्यान्वयन क्षेत्रमा त्यति सचेत नपाईएको हुँदा वडा तथा बस्तीस्तरमा लैससासको अवधारणा कार्यान्वयन गर्न चुनौतिको रुपमा रहेको ।

ख) हरेक परिवारमा अझै पनि पुरुषवादी सोच, जातीय छुवाछुत र रणनीतिक वहिष्करणका अभ्यासहरु रहेको हुँदा लैससासको अवधारणा कार्यान्वयनमा चुनौति देखा परेको ।

ग) निर्वाचित जनप्रतिनिधि लगायत स्थानीयबासीहरुमा लैससास सम्बन्धमा कानुनी शिक्षामा कमी भएको हुँदा महिला हिंसा र सामाजिक बहिष्करणलाई निर्मुल गर्ने कार्य चुनौतिको रुपमा रहेको ।

घ) राजनितिक दलहरुमा नै समावेशीताको अवधारणा कमजोर रहेको हुँदा स्थानीय सरकार र समाजमा लैससास कार्यान्वयन गर्ने कार्य चुनौतिको रुपमा रहेको ।

## ४. लैससास रणनीतिको औचित्य

नेपाली समाजमा लैंगिक असानता, सामाजिक बहिष्करण र भेदभावलाई निर्मूल गर्दै समतामूलक समावेशी विकासको लागि सरकारका तिनै तहहरु संघ, प्रदेश र स्थानीय तहहरुमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयनको लागि नीति, रणनीति र कार्यक्रमहरु अपरिहार्य छन् । नेपालमा संघीयताको संरचना पश्चात हरेक तहका सरकारहरु नयाँ परिवेशमा शासकीय अभ्यास गरिएका छन् । हरेक स्थानीय तहहरुमा ठुला ठुला सपना र अपेक्षाहरुका साथ जनप्रतिनिधिहरु सरकारमा आएका छन् तर राजनितिक पृष्ठभूमिबाट आएका जनप्रतिनिधिहरु विकास प्रशासनमा त्यति अनुभवी छैनन् । यस्तो अवस्थामा लैंगिक तथा सामाजिक समावेशिताको मुद्दाहरु छाँयामा परी सामाजिक विविधता बिचमा अपेक्षाकृत अमनचैन स्थापना नहुन सक्दछ ।

अर्को तर्फ नेपालको संविधानले व्यवस्था गरेका मौलिक हकहरु र सो सम्बन्धमा लागू भएका विषयगत कानुनहरु, नीति, रणनीति, आवधिक र वार्षिक योजनाहरु, दिगो विकास लक्ष्यहरु तथा यस सम्बन्धमा जारी भएका अन्तर्राष्ट्रिय घोषणा तथा सन्धी सम्झौताहरुको स्थानीयकरण र कार्यान्वयनको लागि लैंगिक समानता तथा

सामाजिक समावेशीकरण रणनीतिको अपरिहार्यता रहेको हो । महिला, दलित, आदिबासी जनजाति, अतिगरीब, भूमिहिन, पिछाडिएको वर्ग, अल्पसंख्यक, मजदुर, किसान, अपांगता भएको ब्यक्ति, बालबालिका, जेष्ठ नागरिक तथा भौगोलिक दुर्गमता र प्राकृतिक प्रकोप आदिवाट पिडित समुदायलाई समानुपातिक र अर्थपूर्ण सहभागिता गराउने कार्य बाँकी नै छ । स्थानीय सरकारको निर्णायक तहमा महिला तथा बञ्चितिकरणमा परेका समुहको संलग्नताको लागि उनीहरुको सशक्तिकरण र क्षमता विकासको क्षेत्रका कार्यहरु अझै धैरै संख्यमा गर्नु पर्ने छन् । गाउँपालिकाका महिला तथा बञ्चितिकरणमा परेका, सिमान्तकृत तथा बिपन्न महिला र पुरुषहरुको राज्यले प्रदान गर्ने सेवा सुबिधाहरुमा समतामूलक पहुँचमा अझै कमि रहेकोले उक्त असमानतालाई न्यूनिकरण गर्न यस रणनीतिको आवश्यकता रहेको छ ।

महिला तथा बालबालिका माथि हुने सबै प्रकारका हिंसा, बेचबिखन र घरायासी कामकाजमा प्रयोग, गरिबी आदि बारेमा स्थानीय तहमा खण्डिकृत तथ्याङ्कको व्यवस्थापन, त्यस्ता हिंसा न्यूनिकरणको लागि आवश्यक कार्यक्रमहरुको कार्यान्वयन र अनुगमनमा नियमितता स्थापित गर्न अपरिहार्यता रहेको छ । महिला, बालबालिका तथा सिमान्तकृत समुहहरुको राज्यको सेवा सुबिधाहरु जस्तै शिक्षा, स्वास्थ्य, क्षमता विकास, रोजगारी तथा प्रशासनिक सेवाहरुमा समान पहुँच विकास गर्ने सकारात्मक बिभेद नीतिलाई स्थानीय तहमा स्थानीयकरण गर्दै उनीहरुलाई सक्षम तुल्याउँदै लैजाने कार्यहरुलाई योजनाबद्ध रुपमा कार्यान्वयन गर्न आवश्यक छ । यस क्षेत्रमा कार्य गर्ने सरोकारवाला निकायहरु जस्तै सरकारी तथा निजी संस्था, निकाय र परियोजनाहरु, सामुदायिक संस्था, उपभोक्ता समिति र गैरसरकारी संस्था तथा परियोजनाहरुवाट सञ्चालित कार्यक्रम र बजेटहरुलाई समेत लैससास उत्तरदायी बनाउन र स्थानीय सरकारको योजना तर्जुमा तथा कार्यान्वयन प्रक्रियामा मुलप्रवाहिकरण गर्न यस रणनीतिको आवश्यकता रहेको छ ।

ताराखोला गाउँपालिकामा लैससासको क्षेत्रमा देखिएका समस्या र चुनौतिहरुको संवोधन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को धारा ११ उपधारा (२) बुँदा ठ को उपबुँदा (२) मा व्यवस्था भएको अधिकारको प्रयोग गरी यस गाउँपालिकाको लागि **"लैंगिक समानता तथा समावेशीकरण रणनीति २०७९"** तयार गरिएको छ । यो रणनीति आगामी ५ बर्षको लागि तयार गरिएको हो । यस रणनीतिको प्रभावकारी कार्यान्वयनवाट ताराखोला गाउँपालिकाका लक्षित वर्गका नागरिकहरुले समतामूलक र समानुपातिक समावेशी शासन व्यवस्थाको अनुभूति गर्दै आफु र आफ्नो समुदायलाई सम्मानपूर्वक जिवन यापन गर्न सक्षम भएको पाउनेछन् । यस रणनीतिको कार्यान्वयनवाट कुनै पनि नागरिकले उपेक्षित र उत्पिडित जिवन जिउन पर्ने छैन ।

## ५. दिर्घकालिन सोच

ताराखोला गाउँपालिकामा लैंगिक तथा सामाजिक आधारमा हुने सबै किसिमका बिभेदहरुको अन्त्य गरी समतामूलक र समावेशी समाजको निर्माण गर्ने ।

## ६. लक्ष्य

ताराखोला गाउँपालिकामा रहेका लैंगिक तथा सामाजिक समानता सम्बन्धमा समाजमा विद्यमान मूल्य, मान्यता, संस्कार र ब्यवहारमा परिवर्तन ल्याई धर्म, प्रथा, परम्परा, संस्कार वा अन्य कुनै आधारमा हुने विभेदको अन्त्य गर्ने ।

## ७. उद्देश्यहरु

यस रणनीतिको मुल उद्देश्य नै यस गाउँपालिका क्षेत्रमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई प्रवर्द्धन गरी समतामूलक समाजको स्थापना गर्न योगदान गर्नु हो । यस रणनीतिका बिशिष्ट उद्देश्यहरु देहाय अनुसार रहेका छन्:

१. गाउँपालिकाका नीति, योजना, कार्यक्रम तथा बजेट लैससास उत्तरदायी बनाउने र लक्षित वर्गहरुको हक अधिकारलाई नीतिगत रुपमा स्थापित गर्ने ।

२. स्थानीय सरकारको संस्थागत संरचनामा लक्षित वर्गको उपस्थिति तथा अर्थपूर्ण सहभागिता गराई लैससास उत्तरदायी संरचनाको विकास गर्ने ।

३. लैंगिक समानता तथा सामाजिक समावेशीकरणका अवधारणालाई नतिजामूखी तुल्याउन लक्षित वर्गको समेत संलग्नतामा दक्ष/योग्य जनशक्ति तयारी र उपयोग गर्ने ।

४. गाउँपालिकावाट प्रवाह हुने सेवाहरुलाई लैससास उत्तरदायी तुल्याई आधारभूत सेवाहरुमा लक्षित वर्गहरुको पहुँच तथा उपयोगमा सूनिस्चितता बृद्धि गर्ने ।

५. गाउँपालिकाको सुशासन तथा उत्तरदायित्वका क्रियाकलापहरुमा लैससासको अवधारणा समावेश गरी लैससासमैत्री सुशासन पद्दति स्थापना गर्ने ।

६. लैससास अवधारणाको प्रभावकारी कार्यान्वयनको लागि सम्बन्धित सरोकारवालासंग समन्वय र सहकार्यलाई संस्थागत गर्ने ।

ताराखोला गाउँपालिका, बाग्लुङ

## ८. लैससासका मूख्य रणनीतिहरु

गाउँपालिकाको लैससास रणनीतिको उद्देश्यहरु परिपूर्ति गर्न मूख्य गरी यसका सैद्धान्तिक पक्षहरु जस्तै मूलप्रवाहिकरण, सशक्तिकरण, क्षमता विकास, समन्वय तथा सहकार्य र अनुगमन, मूल्यांकन तथा सूशासनलाई मूलरुपमा अवलम्बन गरिएको छ। यिनै सैद्धान्तिक आधारहरुमा देहाय अनुसारका रणनीतिहरु तोकिएका छन् :

| उद्देश्यहरु | मुख्य रणनीतिहरु |
|---|---|
| **गाउँपालिकाका नीति, योजना, कार्यक्रम तथा बजेट लैससास उत्तरदायी बनाउने र लक्षित वर्गहरुको हक अधिकारलाई नीतिगत रुपमा स्थापित गर्ने।** | क) लैससास कार्यान्वयनको लागि अलग्गै रणनीतिक दस्तावेजहरु र लैंससास परीक्षण कार्यविधि तर्जुमा तथा लागू गर्ने।<br>ख) आवधिक योजनामा समावेश गरिएका लैंगिक तथा सामाजिक समावेशी विकासका कार्यक्रमहरु वार्षिक योजना समावेश गरी कार्यान्वयन गर्ने। |
| **स्थानीय सरकारको संस्थागत संरचनामा लक्षित वर्गको उपस्थिति तथा अर्थपूर्ण सहभागिता गराई लैससास उत्तरदायी संरचनाको विकास गर्ने।** | क) गाउँपालिकाका कर्मचारी/पदाधिकारीमा महिला तथा बञ्चित समुहको समानुपातिक प्रतिनिधित्व सम्बन्धमा नीतिगत तथा कानुनी व्यवस्था गरी कार्यान्वयन गर्ने।<br>ख) लैससास कार्यान्वयन समितिको गठन तथा लैंगिक विकास डेस्क स्थापना र सञ्चालन गर्ने ।<br>ग) स्थानीय तहमा गठन हुने सबै समिति, उपसमिति र कार्यदलहरुमा लक्षित वर्गको सहभागिता सम्बन्धमा भएको कानुनी व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयन, समिक्षा र आवश्यक सुधार गर्ने।<br>घ) बजेट तर्जुमा तथा कार्यान्वयनमा महिला र सीमान्तकृत समुहहरुको अर्थपूर्ण सहिभागिता सूनिस्चित गर्ने र बजेटमा पहुँच अभिबृद्धि गर्ने।<br>ङ) स्थानीय बित्त व्यवस्थापनलाई लैससास उत्तरदायी बनाउने र कार्यान्वयन गर्ने।<br>च) लैससास मैत्री खण्डिकृत तथ्यांक व्यवस्था गरी लैससास सम्वेदनशिल योजना तथा बजेट तर्जुमा कार्यमा उपयोग गर्ने। |
| **लैंगिक समानता तथा सामाजिक समावेशीकरणका अवधारणालाई नतिजामूखी तुल्याउन लक्षित वर्गको समेत संलग्नतामा दक्ष/योग्य जनशक्ति तयारी र उपयोग गर्ने।** | क) महिला तथा सिमान्तकृत समुहहरुको लागि क्षमता विकास योजना तयारी गरी कार्यान्वयन गर्ने।<br>ख) बिभेदकारी सामाजिक मूल्य मान्यता र कुसंस्कारहरुको न्यूनिकरणका कार्यक्रमहरु गर्ने।<br>ग) बिपद व्यवस्थापनमा लैससास सम्वेदनशिलता समावेश गरी कार्यान्वयन गर्ने। |

| | |
|---|---|
| **गाउँपालिकावाट प्रवाह हुने सेवाहरुलाई लैससास उत्तरदायी तुल्याई आधारभूत सेवाहरुमा लक्षित वर्गहरुको पहुँच तथा उपयोगमा सूनिस्चितता बृद्धि गर्ने ।** | क) स्थानीय तहमा लैंगिक, बाल र अपांग मैत्री संवेदनशील संरचनाको प्रावधानहरु कार्यान्वयन गर्ने ।<br>ख) स्थानीय तहका सबै महिलाहरुलाई प्रजनन तथा महिला स्वास्थ्य सम्बन्धी सेवा सुबिधाहरुमा पहुँच सुनिस्चित गर्न पहल गर्ने ।<br>ग) स्थानीय तहका लक्षित वर्गको शिक्षामा पहुँच सुनिस्चितको लागि आवश्यक नीति, कानुन तथा कार्यक्रमहरुको समिक्षा गरी उपयूक्त व्यवस्थाहरु थप गरी कार्यान्वयन गर्ने ।<br>घ) स्थानीय तहका सबै महिला तथा बञ्चितिमा परेका समुदायहरुको सुद्ध खानेपानीमा पहुँच बढाउने र सरसफाईमा सचेत तुल्याउने पहल गर्ने ।<br>ङ) स्थानीय तहका सबै लक्षित वर्गको लागि बेरोजगारी तथा गरिबीको नक्सांकन गरी सोको आधारमा स्वरोजगार र आयआर्जनमा पहुँच अभिबृद्धि गर्न आयमूलक तथा सिपमूलक कार्यहरु कार्यान्वयन गर्ने ।<br>च) अन्तर्राष्ट्रिय घोषणापत्र र सन्धी सम्झौताहरुको आन्तरिकीकरण र कार्यान्वयन गर्ने । |
| **गाउँपालिकाको सुशासन तथा उत्तरदायित्वका क्रियाकलापहरुमा लैससासको अवधारणा समावेश गरी लैससासमैत्री सुशासन पद्दति स्थापना गर्ने ।** | क) लैससास संवेदनशील सुशासन तथा उत्तरदायित्व सम्बन्धी स्थानीय नीति तथा कानुन निर्माण गरी कार्यान्वयन गर्ने ।<br>ख) लैससास सम्वेदनशिल अनुगमन, मूल्यांकन तथा परीक्षणहरु कार्यान्वयन गर्ने ।<br>ग) स्थानीय तहमा पारदर्शिता र सचेतनाको लागि सूचना, शिक्षा तथा सञ्चारका क्रियाकलापहरु कार्यान्वयन गर्ने । |
| **लैससास अवधारणाको प्रभावकारी कार्यान्वयनको लागि सम्बन्धित सरोकारवालासंग समन्वय र सहकार्यलाई संस्थागत गर्ने ।** | क) लैससासको प्रभावकारी कार्यान्वयनको लागि सम्बन्धित निकाय तथा सरोकारवालाहरुसंग समन्वय र सम्बन्ध बिस्तारका पहलहरु गर्ने । |

## ९. रणनीति तथा कार्यनीतिहरु

उद्देश्य १: स्थानीय तहमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण उत्तरदायी नीति, योजना, कार्यक्रम तथा बजेट निर्माण तथा कार्यान्वयन मार्फत महिला तथा बञ्चितिकरणमा परेका समुहहरुको विकासमा मूलप्रवाहिकरण सूनिस्चित गर्ने ।

## १०. रणनीति तथा कार्यनीतिहरु

उद्देश्य १: गाउँपालिकाका नीति, योजना, कार्यक्रम तथा बजेट लैससास उत्तरदायी बनाउने र लक्षित वर्गहरुको हक अधिकारलाई नीतिगत रुपमा स्थापित गर्ने ।

| रणनीतिहरु | कार्यनीतिहरु |
|---|---|
| **क) लैससास कार्यान्वयनको लागि अलग्गै रणनीतिक दस्तावेजहरु र लैंससास परीक्षण कार्यविधि तर्जुमा तथा लागू गर्ने ।** | १. स्थानीय नीति तथा कानुनहरु लैससास संवेदनशील बनाउने ।<br>२. लैससास कार्यान्वयन सम्बन्धी अलग्गै नीति र कानुन तर्जुमा गरी लागू गर्ने ।<br>३. लैससास परीक्षण कार्यविधि र दिग्दर्शन तर्जुमा गरी लागू गर्ने ।<br>४. गाउँपालिकामा महिला हिंसा बिरुद्ध सुन्य सहनशिलता र महिला हिंसा नियन्त्रणको लागि आचार संहिता लागू गर्ने ।<br>५. लैंगिक समानताको हकमा महिला र पुरुषमा श्रमको ज्यालामा बिभेद रोक्ने स्थानीय कानुन तर्जुमा गरी कार्यान्वयन गर्ने ।<br>६. स्थानीय नीति, योजना र कार्यक्रमहरुमा  बिभेदजन्य कार्यहरु रोक्ने व्यवस्थाहरु समावेश गरी कार्यान्वयन गर्ने ।<br>७. निजी तथा सार्वजनिक भवन संरचनाहरु लैंगिक, अपाङ्गता र बालमैत्री बनाउन नीतिगत व्यवस्था लागू गर्ने ।<br>८. लक्षित वर्गको सामाजिक तथा आर्थिक सशक्तीकरणका लागि कार्यक्रमहरु जस्तै व्यवसायिक सिप, ग्रामिण महिला प्राविधिकहरु (पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धि प्राविधिकहरु) उत्पादन र उपयोग, स्वरोजगारका कार्यक्रमहरु सम्बन्धी नीतिगत व्यवस्था गर्ने । |
| **ख) आवधिक योजनामा समावेश गरिएका लैंगिक तथा सामाजिक समावेशी विकासका कार्यक्रमहरु वार्षिक योजना समावेश गरी कार्यान्वयन गर्ने ।** | १. आवधिक योजनामा समावेश गरिएका लैंगिक तथा समावेशी विकास कार्यक्रमहरु वार्षिक योजनामा समावेश गरी मापनयोग्य उपलब्धीहरुको लक्ष्य तोकी कार्यान्वयन गर्ने ।<br>२. लक्षित वर्ग तथा समुदाय र क्षेत्रलाई प्रत्यक्ष लाभ पुग्ने योजनाहरुको लागि कुल बजेटको न्यूनतम् निस्चित प्रतिशत बिनियोजनको लागि नीतिगत व्यवस्था र कार्यान्वयन गर्ने ।<br>३. लक्षित वर्गहरुको ब्यवहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने बिषयमा छलफल गर्ने र योजनामा समावेश गर्ने ।<br>४. स्थानीय सरकारले दिगो विकासका लक्ष्यहरु बिशेष गरेर लक्ष्य ५ लैंगिक समानता प्राप्त गर्ने बिषयलाई स्थानीयकरण गरी लागू गर्ने ।<br>५. स्थानीय सरकारका उपभोक्ता समितिहरुमा लक्षित समुहको प्रतिनिधि सहित कम्तिमा ४० प्रतिशत महिलाको सहभागिता सुनिस्चित गर्ने । |

उद्देश्य २: स्थानीय सरकारको संस्थागत संरचनामा लक्षित वर्गको उपस्थिति तथा अर्थपूर्ण सहभागिता गराई लैससास उत्तरदायी संरचनाको विकास गर्ने।

| रणनीतिहरु | कार्यनीतिहरु |
|---|---|
| **क) गाउँपालिकाका कर्मचारी/पदाधिकारीमा महिला तथा बञ्चित समुहको समानुपातिक प्रतिनिधित्व सम्बन्धमा नीतिगत तथा कानुनी व्यवस्था गरी कार्यान्वयन गर्ने।** | १. स्थानीय सरकारको निर्णायक तह (कर्मचारी/पदाधिकारी) मा महिलाहरुको समानरुपमा (५०/५० प्रतिशत) प्रतिनिधित्वको लागि नीतिगत व्यवस्था गर्ने।<br>२. कर्मचारीहरुको पदपूर्तिको निर्णय गर्दा सबै जातजाति, वर्ग, लिंग र समुदायका समानुपातिक सहभागिताको व्यवस्था गर्ने।<br>३. जनप्रतिनिधि तथा कर्मचारीहरुलाई क्षमता विकास कार्यक्रममा लक्षित वर्गका ब्यक्तिलाई प्रथम प्राथमिकता दिई कार्यान्वयन गर्ने। |
| **ख) लैससास कार्यान्वयन समितिको गठन तथा लैंगिक विकास डेस्क स्थापना र सञ्चालन गर्ने ।** | १. लैससास कार्यान्वयन समिति गठन गरी कार्य बिवरण उपलब्ध गराई परिचालन गर्ने।<br>२. लैंगिक विकास डेस्कको स्थापना र सञ्चालन गर्ने। |
| **ग) स्थानीय तहमा गठन हुने सबै समिति, उपसमिति र कार्यदलहरुमा लक्षित वर्गको सहभागिता सम्बन्धमा भएको कानुनी व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयन, समिक्षा र आवश्यक सुधार गर्ने।** | १. स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरुमा लक्षित वर्गको प्रतिनिधित्व हुने व्यवस्थालाई अझ प्रभावकारी कार्यान्वयन गर्ने।<br>२. स्थानीय तहमा सञ्चालित कार्यक्रमहरुको अनुगमन तथा समिक्षा सम्बन्धी कार्यमा महिला र बञ्चितिकरणमा परेका समुदायको हितको बिश्लेषण सहित नीतिगत र कार्यगत सुझाव दिने कार्य कार्यान्वयन गर्ने। |
| **घ) बजेट तर्जुमा तथा कार्यान्वयनमा महिला र सीमान्तकृत समुहहरुको अर्थपूर्ण सहिभागिता सूनिस्चित गर्ने र बजेटमा पहुँच अभिबृद्धि गर्ने।** | १. लक्षित वर्गका समस्याहरु संवोधन गर्नको लागि वडा कार्यालयहरुवाट लक्षित वर्ग छलफल र बस्ती स्तरीय योजना भेलामा लक्षित वर्गहरुको सहभागिता सूनिस्चित गर्ने।<br>२. योजना तर्जुमा प्रक्रियामा लक्षित वर्गहरुको सहभागिता बढाउन सचेतनामूलक कार्यक्रम गर्ने।<br>३. स्थानीय सरकारका क्षमता विकास योजनामा लैससासका सवालहरु समेट्ने कार्यक्रमहरु समावेश गर्ने।<br>४. लैससास बजेट परीक्षण वार्षिक रुपमा नियमित गर्ने। |
| **७. स्थानीय बित्त व्यवस्थापनलाई लैससास उत्तरदायी बनाउने र कार्यान्वयन गर्ने।** | १. लैससास उत्तरदायी बजेट तर्जुमा र कार्यान्वयन गर्ने।<br>२. स्थानीय तहमा लक्षित वर्गको उत्थानको लागि छुट्टै कोष स्थापना र सञ्चालन गर्ने।<br>३. स्थानीय सरकारले समावेशी सूचना प्रणाली व्यवस्थापन गर्न बजेट व्यवस्था गरी कार्यान्वयन गर्ने। |

| | |
|---|---|
| | ४. कम्प्युटरकृत लेखा प्रणाली (SUTRA) ले समावेशी क्षेत्रमा भएको बजेट तथा खर्च सम्बन्धी सूचना दिने व्यवस्था अझ प्रभावकारी बनाउने । |
| ५. **लैससास मैत्री खण्डिकृत तथ्यांक व्यवस्था गरी लैससास मैत्री योजना तथा बजेट तर्जुमा कार्यमा उपयोग गर्ने ।** | १. गाउँपालिका प्रोफाईलमा लैससास खण्डिकृत सूचना या तथ्यांक व्यवस्थापन तथा नियमित रुपमा अध्यावधिक गर्ने ।<br>२. गाउँपालिका डिजिटल प्रोफाईल वडास्तरमा अध्यावधिक र उपयोग गर्न दक्ष जनशक्ति तयार गरी उक्त कार्य सञ्चालन गर्ने ।<br>३. गाउँपालिकाले बेरोजगारी तथा गरिबी प्रोफाईल तयारी गर्ने ।<br>४. आवधिक र वार्षिक विकास योजना तर्जुमा गर्दा खण्डिकृत तथ्याङ्क र सूचनालाई अधिकतम प्रयोग गर्ने । |

उद्देश्य ३: लैंगिक समानता तथा सामाजिक समावेशीकरणका अवधारणालाई नतिजामूखी तुल्याउन लक्षित वर्गको समेत संलग्नतामा दक्ष/योग्य जनशक्ति तयारी र उपयोग गर्ने ।

| **रणनीतिहरु** | **कार्यनीतिहरु** |
|---|---|
| **क) महिला तथा सिमान्तकृत समुहहरुको लागि क्षमता विकास योजना तयारी गरी कार्यान्वयन गर्ने ।** | १. लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी तालिम दिन तथा सो सम्बन्धी कार्यक्रमहरु कार्यान्वयन गर्न सक्ने मानवीय श्रोतको विकास र परिचालन गर्ने ।<br>२. मानव संसाधन विकास केन्द्रको स्थापना र उक्त केन्द्रको कार्य बिवरण तयार गरी लागू गर्ने ।<br>३. महिला विकासको लागि भएका बेईजिङ घोषणपत्रका बाह्रवटा प्रतिबद्धताहरुको बारेमा पदाधिकारीहरु र कर्मचारीहरुलाई हरेक आर्थिक बर्षमा अभिमूखिकरण तथा सोको कार्यान्वयन गर्ने ।<br>४. महिला तथा सिमान्तकृत समुहहरुको लागि लैससास विकासको लागि क्षमता विकास कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने ।<br>५. महिलाहरुको संबैधानिक हक अधिकार, एकल महिला र चेलीबेटी बेचबिखन बिरुद्ध कार्यक्रम, छाउपडी प्रथा बिरुद्ध कार्यक्रम, यौनहिंसा बिरुद्ध कार्यक्रम आदि बारेमा कानुनी अनुशिक्षण नियमित सञ्चालन गर्ने ।<br>६. लक्षित वर्गहरुको लागि लैससास सम्बन्धी नीति तथा कानुनहरु सम्बन्धमा जानकारी दिई सचेत तुल्याउन कानुनी शिक्षा कार्यक्रमहरु कार्यान्वयन गर्ने ।<br>७. लक्षित वर्गका पदाधिकारीहरु तथा कर्मचारीहरुको क्षमता अभिबृद्धिका लागि निर्दिष्ट कार्यक्रमहरु (प्राविधिक तालिम, |

ताराखोला गाउँपालिका, बाग्लुङ

| | |
|---|---|
| | क्षमता विकास, नेतृत्व विकासको तालिम, भ्रमण) हरेक आर्थिक बर्षको योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने । |
| **ख) बिभेदकारी सामाजिक मूल्य मान्यता र कुसंस्कारहरुको न्यूनिकरणका कार्यक्रमहरु गर्ने ।** | १. महिला हिंसा बिरुद्ध सुन्य सहनशिलता सम्बन्धमा स्थानीय नीति तथा कार्यबिधि कार्यान्वयन गर्ने ।<br>२. महिला बिरुद्ध सबैखाले हिंसा निर्मुल गर्ने कार्यक्रमहरु वार्षिक योजना तथा बजेटमा समावेश गरी कार्यान्वयन गर्ने ।<br>३. लैंगिक हिंसा रहित गाउँपालिका घोषणाको लागि आवश्यक कार्यक्रम गरी सोको घोषणा गर्ने ।<br>४. समाजमा रहेका बिभिन्न कुसंस्कार जस्तै जातिगत छुवाछुत, बाल बिवाह, बहुबिवाह, दाईजो आदि जस्ता सामाजिक कुरीति हटाउन कार्यक्रमहरु नियमित रुपमा सञ्चालन गर्ने ।<br>५. दलित र आदिबासी जनजातिहरुको समुदायमा रहेको मदिरा सेवनलाई न्यूनिकरण गर्न कार्यक्रमहरु सञ्चालन गर्ने । |
| **ग) बिपद व्यवस्थापनमा लैससास सम्वेदनशिलता समावेश गरी कार्यान्वयन गर्ने ।** | १. बिपद व्यवस्थापन सम्बन्धी नीति, रणनीति, मापदण्ड, कार्यनीति तथा कार्यबिधि तर्जुमा गर्दा महिला तथा बञ्चितिकरणमा परेका समुदायको संलग्नतामा लैससास सम्वेदनशिल र महिला पुरुषलाई अलग अलग संरक्षणको प्रावधानको व्यवस्था गरी कार्यान्वयन गर्ने ।<br>२. बिपद व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत परिचालन गर्दा लक्षित वर्गको सहभागितामा निर्णय गर्ने बिधि लागू गर्ने ।<br>३. स्थानीय स्तरको बिपद सम्बन्धी तथ्यांक व्यवस्थापन गर्दा लक्षित वर्गहरुको स्पष्ट तथ्यांक आउने गरी खण्डीकृत तथ्यांक राखी आपतकालिन कार्य सञ्चालन तथा राहत बितरण गर्ने ।<br>४. समुदायमा आधारीत बिपद व्यवस्थापन सम्बन्धि कार्य गर्दा लाभान्वित समुहमा लक्षित वर्गको सहभागितामा उनीहरुलाई पहिलो प्राथमिकता राखी कार्य गर्ने । |

उद्देश्य ४: गाउँपालिकावाट प्रवाह हुने सेवाहरुलाई लैससास उत्तरदायी तुल्याई आधारभूत सेवाहरुमा लक्षित वर्गहरुको पहुँच तथा उपयोगमा सूनिस्चितता बृद्धि गर्ने ।

| रणनीतिहरु | कार्यनीतिहरु |
|---|---|
| **क) स्थानीय तहमा लैंगिक, बाल र अपांग मैत्री संवेदनशील संरचनाको प्रावधानहरु कार्यान्वयन गर्ने ।** | १. स्थानीय तहका भवन, भौतिक पूर्वाधार तथा अन्य संरचना निर्माण गर्दा लैंगिक, बाल र अपांगमैत्री संरचनाको प्रावधान कार्यान्वयन गर्ने ।<br>२. स्थानीय तहले महिला तथा बञ्चितिकरणमा परेका समुदायलाई लक्षित गरी उपयूक्त उर्जा प्रविधि (जलबिद्युत, |

| | |
|---|---|
| | बिभिन्न बैकल्पिक स्रोतवाट प्राप्त हुने उर्जा, सुधारिएको चुलो आदि) को प्रयोग गर्न प्रोत्साहन गर्ने आयोजनाहरु कार्यान्वयन गर्ने । |
| **ख) स्थानीय तहका सबै महिलाहरुलाई प्रजनन तथा महिला स्वास्थ्य सम्बन्धि सेवा सुबिधाहरुमा पहुँच सुनिस्चित गर्न पहल गर्ने ।** | १. गर्भवती महिलालाई जोखिमयूक्त, खतरायूक्त काममा नलगाउने गरी वार्षिक नीति तथा बिधि तयार गरी लागू गर्ने ।<br>२. सार्वजनिक कार्यालय, अस्पताल वा स्वास्थ्य चौकी र सार्वजनिक स्थलहरुमा बच्चालाई स्तनपानका निमित्त अलग्गै कक्ष र समयको व्यवस्था र सोको व्यवस्थापन नियमित रुपमा गर्ने ।<br>३. महिला तथा प्रजनन स्वास्थ्य, परिवार नियोजन, मातृ शिशु कल्याण, बिस्तारित खोप, पोषण, जनसंख्या शिक्षा र जनस्वास्थ्य सम्बन्धी कार्यक्रमहरु नियमित रुपमा सञ्चालन गर्ने ।<br>४. लक्षित वर्गका ब्यक्तिहरुको स्वास्थ्य बिमा गर्न सहजिकरण र सहयोग गर्ने कार्यक्रमहरु कार्यान्वयन गर्ने । |
| **ग) स्थानीय तहका लक्षित वर्गको शिक्षामा पहुँच सुनिस्चितको लागि आवश्यक नीति, कानुन तथा कार्यक्रमहरुको समिक्षा गरी उपयूक्त व्यवस्थाहरु थप गरी कार्यान्वयन गर्ने ।** | १. गाउँपालिका भित्रका बिद्यालय जाने उमेरका सबै बाल बालिकालाई बिद्यालयमा अनिवार्य भर्ना गराउने अभियान नियमित रुपमा सञ्चालन गर्ने ।<br>२. आर्थिक अवस्था कमजोर भएका परिवार तथा बञ्चितिकरण परेका समुदायका बालबालिकालाई थप छात्रबृत्तिको व्यवस्था कार्यान्वयन गर्ने ।<br>३. निरक्षर महिला तथा सिमान्तकृत समुदाय वा ब्यक्तिहरुको लागि अनौपचारिक शिक्षा कार्यक्रमहरु सञ्चालन गर्ने ।<br>४. बिद्यालयमा छात्र र छात्राको लागि छुट्टाछुट्टै शौचालय, किसोरी छात्राको लागि प्याड र यौनशिक्षा कार्यक्रम सञ्चालन गर्ने । |
| **घ) स्थानीय तहका सबै महिला तथा बञ्चितिमा परेका समुदायहरुको सुद्ध खानेपानीमा पहुँच बढाउने र सरसफाईमा सचेत तुल्याउने पहल गर्ने ।** | १. गाउँपालिकाका र अन्य सार्वजनिक निकायहरुमा सफा पिउने पानी, सफासंग हात धुने व्यवस्था, महिला र पुरुषको लागि अलग्गै शौचालयको व्यवस्था सञ्चालन गर्ने ।<br>२. महिलाहरु बढी मात्रामा संलग्न हुने कार्यमा सफा पानीको सहज व्यवस्थाका लागि आकासे पानी संकलन र भण्डारण, पानीको मुल तथा कुवाको संरक्षण र उपयोग जस्ता कार्यक्रमहरु सञ्चालन गर्ने ।<br>३. हरेक घरधुरीहरुमा सफा पिउने पानी, सफासंग हात धुने व्यवस्था, महिला र पुरुषको लागि अलग्गै शौचालयको उपयोग गर्ने अभ्यासको बारेमा सचेतना जगाउने कार्यक्रमहरु सञ्चालन गर्ने । |

| | |
|---|---|
| | ४. वडास्तरमा खुला दिसामुक्त अभियान, हरेक घरमा शौचालय, पराम्परागत पानीको स्रोतहरु धारा, कुवा, पोखरी संरक्षण तथा टोलबस्ती सरसफाई अभियान सञ्चालन गर्ने ।<br>५. कुहिने नकुहिने घरायासी फोहर छुट्याउने, फोहर संकलन तथा बिसर्जन, भान्साको फोहर र पानीवाट करेसाबारी तथा गमला र फुलबारी निर्माण जस्ता कार्यक्रमहरु गर्ने र उक्त कार्यहरुमा महिला र पुरुषको समान सहभागिता हुनुपर्ने जस्ता चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने । |
| **ङ) स्थानीय तहका सबै लक्षित वर्गको लागि बेरोजगारी तथा गरिबीको नक्सांकन गरी सोको आधारमा स्वरोजगार र आयआर्जनमा पहुँच अभिबृद्धि गर्न आयमूलक तथा सिपमूलक कार्यहरु कार्यान्वयन गर्ने ।** | १. गाउँपालिकाको वार्षिक तथा आवधिक योजना तर्जुमा गर्दा बेरोजगार तथा गरिबीको नक्सांकनको समेत आधार लिई लक्षित वर्गको जिविकोपार्जन सहयोग कार्यक्रम समावेश तथा कार्यान्वयन गर्ने ।<br>२. स्वरोजगार गर्ने तथा बैदेशिक रोजगारीमा जाने लक्षित वर्गको सिप तथा क्षमता विकासका कार्यक्रमहरु नियमित रुपमा सञ्चालन गर्ने । |
| **च) अन्तर्राष्ट्रिय घोषणापत्र र सन्धी सम्झौताहरुको आन्तरिकीकरण र कार्यान्वयन गर्ने ।** | १. महिला विकासको लागि भएका बेईजिङ घोषणपत्रका बाह्रवटा प्रतिबद्धताहरुको क्षेत्रमा कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने ।<br>२. संयूक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धी १९८९ मा गरिएका प्रतिबद्धता कार्यान्वयन सम्बन्धमा कार्यक्रमहरु तयारी र सञ्चालन गर्ने ।<br>३. दिगो विकास लक्ष्यहरुलाई स्थानीयकरण र कार्यान्वयन गर्ने । |

उद्देश्य ५: गाउँपालिकाको सुशासन तथा उत्तरदायित्वका क्रियाकलापहरुमा लैससासको अवधारणा समावेश गरी लैससासमैत्री सुशासन पद्दति स्थापना गर्ने ।

| **रणनीतिहरु** | **कार्यनीतिहरु** |
|---|---|
| **क) लैससास संवेदनशील सुशासन तथा उत्तरदायित्व सम्बन्धी स्थानीय नीति तथा कानुन निर्माण गरी कार्यान्वयन गर्ने ।** | १. स्थानीय सरकारका जनप्रतिनिधि र कर्मचारीको आचार संहिता स्वीकृत गरी लागू गर्ने ।<br>२. गाउँपालिकाले सेवा प्रवाहको क्रममा लक्षित वर्गको अग्राधिकार प्राप्त हुने नीतिहरु तर्जुमा र कार्यान्वयन गर्ने । |
| **ख) लैससास सम्वेदनशिल अनुगमन, मूल्यांकन तथा परीक्षणहरु कार्यान्वयन गर्ने ।** | १. गाउँपालिकाका कार्यक्रमहरुको सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई आदि लक्षित वर्गहरुको उपस्थितिमा गर्ने र सेवा |

| | |
|---|---|
| | प्रवाह सम्बन्धी सूचनाहरुको सार्वजनिकीकरण नियमित रुपमा गर्ने ।<br>२. गाउँपालिकाका कार्यक्रमहरुको सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाईको क्रममा लक्षित वर्ग तथा लाभान्वित वर्गहरुवाट प्राप्त गुनासा तथा सूझावहरुको संकलन र कार्यान्वयन गर्ने ।<br>३. गाउँपालिकाका कार्यक्रम तथा परीयोजना कार्यान्वयनवाट सम्बन्धित समुदायले पुरा लाभ लिन सके/नसकेको सम्बन्धमा नियमित रुपमा अनुगमन र मूल्यांकन गर्ने र लाभ र असरहरुको बिश्लेषण गर्ने र सिकाईहरुको कार्यान्वयन गर्ने ।<br>४. स्थानीय सरकारको समिक्षा बैठकमा लक्षित वर्गहरुको उपस्थितिमा छलफल गर्ने र सुझावहरु संकलन तथा कार्यान्वयन गर्ने । |
| **ग) स्थानीय तहमा पारदर्शिता र सचेतनाको लागि सूचना, शिक्षा तथा सञ्चारका क्रियाकलापहरु कार्यान्वयन गर्ने ।** | १. स्थानीय सरकारले नियमित रुपमा समग्र वार्षिक योजना तथा कार्यक्रमको सार्वजनिक गर्दा कार्यक्रम र बजेट लक्षित वर्ग र सरोकारवालाले थाह पाउने गरी सार्वजनिक गर्ने ।<br>२. स्थानीय रेडियो एफ एम र छापा माध्यमद्वारा लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी सूचना प्रवाह गरी जनतालाई नियमित रुपमा सुसूचित गर्ने ।<br>३. स्थानीय स्तरमा लक्षित वर्गको लागि सूचना, शिक्षा र सञ्चार कार्यक्रमबाट उक्त समुदायको जनचेतना बृद्धि भएको नभएको बारेमा अनुगमन र मूल्यांकन गर्ने । |

उद्देश्य ६: लैससास अवधारणाको प्रभावकारी कार्यान्वयनको लागि सम्बन्धित सरोकारवालासंग समन्वय र सहकार्यलाई संस्थागत गर्ने ।

| रणनीतिहरु | कार्यनीतिहरु |
|---|---|
| **क) लैससासको प्रभावकारी कार्यान्वयनको लागि सम्बन्धित निकाय तथा सरोकारवालाहरुसंग समन्वय र सम्बन्ध बिस्तारका पहलहरु गर्ने ।** | १. स्थानीय तहले संघ र प्रदेश सरकारहरुले तय गरेको लैससास कार्यान्वयन सम्बन्धी नीति, कानुन तथा कार्यक्रमहरुको कार्यान्वयनमा सहकार्य, समन्वय र सहजीकरण गर्ने । |

| | |
|---|---|
| | २. लैससास विकासको लागि बिभिन्न सरोकारवाला निकायहरु बिच सञ्जाल गठन गरी कार्यगत छलफल तथा यस क्षेत्रको विकासको लागि नियमितरुपमा कार्य गर्ने ।<br>३. लैंगिक समानता तथा सामाजिक समावेशी विकासको लागि गठित बिभिन्न सरोकारवाला निकायहरु बिच कार्यगत संयन्त्र (सञ्जाल) का प्रतिनिधिहरुलाई लैससास कार्यान्वयन सम्बन्धी क्षमता विकास तालिमहरु सञ्चालन गर्ने । |

## ११. लैससास कार्यान्वयनको लागि समितिहरु गठन, परिचालन र जिम्मेवारी

### ११.१ लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति गठन

यस गाउँपालिकामा निम्नानुसारको सदस्यहरु रहने गरि लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति गठन गरिनेछः

क) गाउँपालिका अध्यक्ष ------------- संयोजक

ख) गाउँपालिका उपाध्यक्ष ------------- सदस्य

ग) गाउँपालिका सदस्यहरु (एक महिला सहित २ जना) --------- सदस्य

घ) दलित समुदायका प्रतिनिधि (एक महिला सहित २ जना) -------------- सदस्य

ङ) जनजाति समुदायका प्रतिनिधि (एक महिला सहित २ जना) ------------ सदस्य

च) जेष्ठ नागरिक प्रतिनिधि (एक महिला सहित २ जना) ------------ सदस्य

छ) सामाजिक विकास शाखा प्रमुख ------------------ सदस्य सचिव

### ११.२ लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको काम, कर्तब्य र अधिकार

लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको काम, कर्तब्य र अधिकार देहाय अनुसार हुनेछः

क) गाउँपालिकामा लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि आवश्यक नीति, रणनीति, कानुनी व्यवस्थाहरुको आवश्यकता पहिचान गर्ने ।

ख) स्थानीय स्तरमा लक्षित वर्गहरुको पहिचान गरी विवरण तयार गर्ने ।

ताराखोला गाउँपालिका, बाग्लुङ

ग) गाउँपालिकाका महिला तथा बञ्चितिकरणमा परेका समुह/समुदायको खण्डीकृत तथ्याङ्क व्यवस्थापन र अद्यावधिक गर्न कार्यमा सहजीकरण गर्ने ।

घ) गाउँपालिकाको नियमित सेवा प्रवाह र विकास निर्माणका गतिबिधिहरुमा महिला तथा बञ्चितिकरणमा परेका समुह/समुदायको क्षमता विकास, सशक्तिकरण र अर्थपूर्ण सहभागिताको लागि आवश्यक कार्यक्रमहरु वार्षिक तथा आवधिक योजनामा समावेश तथा कार्यान्वयन गर्न सहजीकरण गर्ने ।

ङ) लैससास कार्यान्वयनको लागि संस्थागत विकासका कार्यहरु पहिचान तथा कार्यान्वयनमा गाउँपालिकालाई सहयोग गर्ने ।

च) गाउँपालिकाका सबै कार्यक्रमहरुमा लैससासको दृष्टिले अनुगमन, मूल्यांकन र लैससास बजेट परीक्षण कार्य गर्ने ।

छ) गाउँपालिकाको सामाजिक परीक्षण कार्यमा सहयोग गर्ने ।

ज) गाउँपालिकामा लैससास सम्बन्धि कार्यक्रमहरु गर्न सरोकारवाला निकायहरुसंग समन्वय, सहकार्य र सहजीकरण गर्ने ।

**११.३ लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको परिचालन**

गाउँपालिकाले लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको परिचालन कार्यबिधि तयार गरी सोही बमोजिम कार्यान्वयन गर्नेछ ।

**११.४ लैंगिक समानता तथा सामाजिक समावेशीकरण वडा स्तरीय समिति गठन र परिचालन**

गाउँपालिकाले लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिको प्रभावकारी कार्यान्वयनको लागि सो सम्बन्धी कार्यबिधिमा व्यवस्था गरी वडा स्तरीय समिति गठन र परिचालन गर्नेछ ।

## १२. अनुगमन तथा मूल्यांकन

यस रणनीतिको सफल कार्यान्वयनको लागि रणनीतिले तोकेका क्षेत्रगत रणनीतिहरु र सो अन्तरगतका कार्यनीतिहरुको आधारमा आवधिक तथा वार्षिक योजनामा कार्यक्रमहरु समावेश गरी कार्यान्वयनको अनुगमन र उक्त कार्यक्रमहरुलाट प्राप्त भएका नतिजाहरुको मूल्यांकन गर्ने कार्य गाउँपालिका र लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिले गर्नेछ । अनुगमन तथा मूल्यांकन गर्दा देहाय अनुसार गरिनेछः

क) अनुगमन तथा मूल्यांकनमा लैससास रणनीतिको कार्यान्वयनसंग सम्बन्धित सार्वजनिक नीति, कानुन तथा कार्यबिधिहरु, अन्तर्राष्ट्रिय प्रतिवद्धताहरु, आवधिक योजना, बिषयक्षेत्रगत योजना, वार्षिक नीति कार्यक्रम र बजेट, आवधिक प्रगति प्रतिवेदन आदिको समिक्षा गरिनेछ।

ख) लैससास संवेदनशील अनुगमन तथा मूल्यांकन नतिजामूलक बिधिवाट गरिनेछ। यसको लागि सोच तालिका (Logical Framework), नतिजा तालिका (Result Framework), सूचनाका स्रोतहरु, व्यवस्थापन सूचना प्रणाली (MIS), र अनुगमन तथा मूल्याङ्कन योजनालाई आधारको रुपमा लिईनेछ।

ग) प्रभावकारी अनुगमन तथा मूल्यांकनको लागि गाउँपालिकाले बिधि तयार गरी कार्यान्वयन गर्नेछ।

## १३. रणनीतिको पूनरावलोकन र संशोधन

यस रणनीति कार्यान्वयनको क्रममा समयसापेक्ष तुल्याउन पूनरावलोकन गरी स्थानीय आवश्यकताहरुलाई परिपूर्ति गर्नको निमित्त यस रणनीतिको मूल मर्मको प्रतिकुल नहुने गरी आवश्यक संशोधन तथा सुधार गरिनेछ।

ताराखोला गाउँपालिका, बागलुङ